# स्थानीय राजपत्र


## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः १५ मितिः २०७७/०७/०६


भाग — २

## देवघाट गाउँपालिका

## एकिकृत सामाजिक परिचालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७


देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**देवघाट, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

# एकिकृत सामाजिक परिचालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०७७/०७/०२
प्रमाणिकरण मितिः २०७७/०७/०६

**प्रस्तावनाः**

देवघाट गाउँपालिकामा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहवाट पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा हक, अधिकारका वारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवाफदेही बनाउन सरकारी, गैर सरकारी, निजी तथा समुदायमा आधारित निकायहरु समेतको सहकार्यमा स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्दै समृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोग पुर्याउन स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा २ र देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बमोजिम देवघाट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम “एकिकृत सामाजिक परिचालन कार्यविधि, २०७७” रहेको छ । यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) "वडा" भन्नाले गाउँपालिका अन्तर्गतका वडाहरु सम्झनु पर्दछ ।

च) "सेवा प्रदायक" भन्नाले गाउँपालिकासँग सम्झौता गरी सम्वन्धित वडाहरुमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

छ) "अनुदान" भन्नाले नेपाल सरकार, विकास साझेदार तथा अन्य निकायबाट नगद वा वस्तुगत रुपमा गाउँपालिकामा प्राप्त हुने निशर्त, सशर्त अनुदान तथा प्राविधिक सहयोगलाई समेत सम्झनु पर्दछ ।

ज) "सामाजिक परीक्षण" भन्नाले स्थानीय तहमा आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६७ मा उल्लेख भए अनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्दछ ।

झ) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) र सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम स्थानीय निकायहरुले सञ्चालन तथा

कार्यान्वयन गर्ने कार्यक्रम वा आयोजनाहरुको लेखाजोखा सम्झनु पर्दछ ।

ञ) "लैङ्गिक परीक्षण" भन्नाले महिला र पुरुष बीचको भूमिका, सम्वन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुष बीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेट समेतको विश्लेषण कार्य सम्झनु पर्दछ ।

ट) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून वमोजिम तोकिएको सरकारी कार्यालयमा दर्ता भई गाउँपालिकासँग समन्वय राखी कार्य गर्ने नाफारहित संघसंस्था सम्झनु पर्दछ ।

ठ) "कार्यक्रम" भन्नाले कुनै योजना अन्तर्गतका विभिन्न कार्यक्षेत्र जस्तै कृषि, उद्योग, यातायात आदिको योजनावद्ध विकासका लागि निश्चित अवधि, भौगोलिक क्षेत्र तोकी तयार गरिएको विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

ड) "आयोजना/परियोजना" भन्नाले विकास कार्यक्रम अन्तर्गत कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी पूर्व निर्धारित उद्देश्य प्राप्तिका लागि गरिने समग्र क्रियाकलापलाई सम्झनु पर्दछ ।

ढ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, वस्तुगत एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय, बहुपक्षीय दाता तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरु एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था समेत सम्झनु पर्दछ ।

ण) "मूल प्रवाहीकरण" भन्नाले लक्षित समुहको समानता तथा अधिकार संरक्षण गर्न उनीहरुको समान र सक्रिय सहभागिता सम्झनु पर्दछ

। साथै, स्थानीय निकायको उद्देश्य, क्रियाकलाप, संगठन र स्रोत विनियोजन (आर्थिक र मानवीय) मा लैङ्गिक समानता एवं सामाजिक र आर्थिक रुपले पिछडिएका वर्ग, समुदाय र क्षेत्रलाई समायोजन गर्ने कार्य समेत सम्झनु पर्दछ ।

त) "लक्षित समूह" भन्नाले सबै जातजातिका विपन्न परिवार तथा आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्गहरु (महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिबासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवं दुर्गम तथा पिछडिएको क्षेत्रका साथै नेपाल सरकारले सूचना प्रकाशन गरी लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायलाई सम्झनु पर्दछ ।

थ) सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ । सामाजिक परिचालनले समूहका सदस्यहरु बीच आपसी सहयोग, सद्भाव, विश्वास, समन्वय र सहकार्य वृद्धि गरी सामाजिक पूँजी निर्माण गर्न सहयोग पुर्याउँछ ।

३. **सामाजिक परिचालनको उद्देश्यः** सामाजिक परिचालनका निर्दिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

क) सामाजिक सशक्तिकरण र सामाजिक रुपान्तरणको माध्यमवाट आम नागरिकको जीविकोपार्जनमा सुधार ल्याउनु,

ख) सार्वजनिक क्षेत्रवाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी वनाई यस्ता सेवाहरुमा  नागरिकको पहुँच सहज गराउनु,

ग) नागरिक र नागरिक संस्थाहरुलाई आफ्नो अधिकार प्रतिको सचेतता, कर्तव्य र जिम्मेवारी प्रति जागरुक गराउनु,

घ) नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासका लागि विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउनु,

ङ) सामाजिक पुँजीको निर्माणवाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम तुल्याउनु,

च) आपसी सद्भाव, मेलमिलाप र सहयोगवाट सामाजिक पुँजी निर्माण गरी सामाजिक सहिष्णुता वढाउनु र

छ) स्थानीय लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुर्याउनु ।

४. **सामाजिक परिचालन रणनीतिः** सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीयस्तरका निर्णय प्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन निम्न रणनीतिहरु अनुशरण गरिनेछः

५. वडा तथा गाउँपालिका मार्फत पहिचान भएका विपन्न परिवारहरुलाई संलग्न गराइने छ । एकिकृत नागरिक सेवा केन्द्र विभिन्न वडाका विपन्न वस्तीहरुमा क्रमशः विस्तार गर्दै लगिनेछ । एकिकृत नागरिक

सेवा केन्द्रलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र आवद्धता गराउदै लगिने छ ।

## परिच्छेद २
## संस्थागत व्यवस्था

६. **गाउँपालिका स्तरीय सामाजिक परिचालन समन्वय समितिको गठनः** गाउँ सामाजिक परिचालन समन्वय समितिको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाको अध्यक्ष - संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष - सह-संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

घ) वडा अध्यक्ष - सदस्य

ङ) गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तीमा एक महिला सहित दुईजना प्रतिनिधि -सदस्य

च) गैसस प्रतिनिधि - सदस्य

७. गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले नेपाल सरकारवाट सञ्चालित यस कार्यक्रमसंग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुलाई गाउँ सामाजिक परिचालन समन्वय समितिको वैठकमा आमन्त्रित गरिने छ ।

८. गाउँपालिका सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार गाउँपालिका सामाजिक परिचालन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सामाजिक परिचालन सम्वन्धी स्थानीयस्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गराउने,

ख) गाउँपालिका लगायत अन्य विभिन्न संस्थाहरुद्वारा सञ्चालित सामाजिक परिचालन कार्य वीच समन्वय गर्ने र सोको चौमासिक र बार्षिक प्रतिवेदन गाउँ सभामा पठाउने,

ग) सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यक्रम सञ्चालन गर्न सुझाव दिने/सचेत गराउने,

घ) जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण दिने,

ङ) वडामा संचालित विभिन्न अभियानको अनुगमन तथा मूल्यांकन गर्ने,

च) गाउँपालिका स्तरमा सामाजिक परिचालन सम्वन्धी अन्य क्रियाकलापहरु गर्न सहयोग पुर्याउने ।

९. **स्थानीय सेवा प्रदायक संस्थाः** गाउँपालिका भित्रका तोकिएका वडाहरुमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्धारण गरेको खरिद प्रकृया/विधि वमोजिम स्थानीय सेवा प्रदायक संस्थाहरु छनौट गरिनेछ । यसरी छनोट भएका संस्थाहरुले

गाउँपालिकाका वडाहरुमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछन् ।

१०. **स्थानीय सेवा प्रदायक संस्थाका लागि न्यूनतम योग्यताः** स्थानीय सेवाप्रदायकका लागि न्युनतम योग्यता देहाय अनुसार हुनेछः

क) सम्वन्धित जिल्ला वा गाउँपालिकामा दर्ता भएका गैरसरकारी संस्था, परामर्शदाता फर्म, प्रशिक्षण संस्था,

ख) गत आर्थिक बर्षसम्मको अन्तिम लेखापरीक्षण सम्पन्न गरेको,

ग) चालु आर्थिक वर्षको लागि सम्बन्धित सरकारी निकायबाट संस्था नवीकरण भएको,

घ) आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार औषत वार्षिक रु पांच लाख वा सो भन्दा वढी रकम बराबरको कारोवार गरेको,

ङ) सम्वन्धित जिल्ला भित्र आफ्नै भवन वा भाडामा कार्यालय सञ्चालन भएको, न्यूनतम संख्यामा कार्यालय फर्निचर, कम्प्युटर, टेलिफोन, इमेल, इन्टरनेट लगायत कर्मचारीहरुको व्यवस्था भएको,

च) विगतमा अन्य कुनै संघ संस्थाहरुसँग काम गर्दा कालो सूचिमा नपरेको र

छ) भ्याट/पानमा दर्ता भएको ।

११. **स्थानीय सेवा प्रदायक संस्था छनौट प्रक्रियाः** एकिकृत विकासमा सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्न

अनुसूची – २ को ढाँचामा निवेदन दिनु पर्नेछ र स्थानीय सेवा प्रदायक संस्था छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

क) स्थानीय सेवा प्रदायक संस्था छनौट सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले निर्धारण गरेको खरिद विधि र प्रकृया वमोजिम हुनेछ ।

ख) गाउँपालिकाले सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि उल्लेखित योग्यता पुगेका सेवा प्रदायक संस्थाहरुवाट प्रस्तावना पत्र आव्हान सम्बन्धी सूचना अनुसूची – १ बमोजिम सार्वजनिक गर्नेछ । सामाजिक परिचालनको काम गर्न योग्यता पुगेका सेवा प्रदायक संस्थाले गाउँपालिकामा अनुसूची – ३ बमोजिम प्रस्तावना पेश गर्नेछन् । तोकिएको समयावधि भित्र रितपूर्वक पर्न आएका आशय पत्र तथा प्रस्तावनाहरुको मूल्यांकन गर्न गाउँपालिकाको खरिद समितिको संयोजकत्वमा प्रस्तावना मूल्यांकन गरी सेवाप्रदायक संस्थाहरुको मूल्यांकन गरी गाउँपालिका स्तरीय सामजिक परिचालन समन्वय इकाइमा पठाउनेछ ।गाउँपालिकाले प्राविधिक प्रस्तावहरु मूल्यांकनका लागि आवश्यकता महशुस भएमा विषय विज्ञहरुवाट प्राविधिक सेवा लिन सक्नेछन् ।

**१२. स्थानीय सेवा प्रदायक संस्था छनोटका आधारहरुः**

१) सम्वन्धित विषयमा गाउँपालिकासँग काम गरेको अनुभव,

२) सामाजिक परिचालन कार्यप्रतिको अनुभव र दक्षता,

३) विपन्न तथा सीमान्तकृत समुदायसँग काम गरेको अनुभव,

४) संस्थामा कार्यरत जनशक्ति, कार्यालय तथा उपकरणहरुको उपलब्धता,

५) संस्थाको लेखापरीक्षण तथा आन्तरिक सुशासनको अवस्था तथा संस्था नवीकरण,

६) संस्थाले सामाजिक परिचालन कार्यक्रमका लागि प्रस्ताव गरेका जनशक्तिको योग्यता, अनुभव र कार्यक्रम अवधिभरको लागि उपलब्धता ।

१३. **स्थानीय सेवा प्रदायक संस्थाको काम, कर्तव्य र भूमिकाः** यस कार्यविधिको उद्देश्य, मर्म र प्रावधान अनुरुप स्थानीय सेवा प्रदायक संस्था छनौट भई अनुसूची – ४ बमोजिमको ढाँचामा सम्झौता गरी सामाजिक परिचालन कार्यमा स्थानीय तहलाई देहाय बमोजिम स्थानीय सेवा प्रदायकले आवश्यक सहयोग र सहजिकरण गर्नुपर्नेछः

क) कार्यक्रमले निर्धारित गरेको प्रकृया/विधि/मापदण्ड अनुसार गाउँपालिका सामाजिक परिचालन समन्वय समितिसँगको समन्वयमा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरु छनोट गर्ने,

ख) सामाजिक परिचालकहरुलाई तोकिए अनुसारको तालिमको सञ्चालन गर्ने,

ग) कार्यक्रमको समग्र व्यवस्थापनका लागि पुर्णकालीन कार्यक्रम संयोजक छनोट गर्ने र कम्तीमा महिनाको दुई पटक स्थलगत रुपमा सामाजिक परिचालन कार्यक्रमको अनुगमन गर्ने व्यवस्था मिलाउने,

घ) सामाजिक परिचालकहरुलाई कार्यक्रम सञ्चालन गर्न (वडास्तरमा निर्वाचित प्रतिनिधि, राजनीतिक दल, नागरिक सामाज, समुदायमा आधारित संस्थाहरुलाई कार्यक्रमवारे अनुशिक्षण, सञ्चालन गर्ने, आवश्यकता अनुसार टोल विकास संस्था गठन/ पुर्नगठनमा सहजिकरण, जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन, अन्य सामाजिक परिचालन निकायहरुसँग कार्यगत सम्वन्ध र समन्वय विस्तार गर्ने तथा सामाजिक परिचालकहरुलाई निरन्तर रुपमा सहजीकरण तथा प्राविधिक सहयोग र पृष्ठपोषण दिने,

ङ) सामाजिक परिचालकहरुको नियमित वैठक राख्ने र एक अर्कावीच अनुभव, सिकाई तथा राम्रा कामहरुको आदान प्रदान गर्ने । कार्यक्रमसँग सम्वन्धित कुनै समस्या भएमा समाधानका उपायहरुवारे छलफल गरी समाधानका लागि तत्काल पहल गर्ने,

च) पूर्ण सरसफाई, वातावरणमैत्री कार्यक्रम, बालमैत्री स्थानीय शासन कार्यक्रम, एक वडा एक नमुना गाउँ कार्यक्रम , एक घर एक करेसाबारी कार्यक्रम, सामुदायिक होमस्टे परिचालन, मदिरा व्यवस्थापन, लघुउद्यम विकास कार्यक्रम, कृषि तथा पशुपालन पकेट क्षेत्र विकास कार्यक्रम, वातावरणमैत्री कृषि कार्यक्रम, कोभिड—१९ न्यूनिकरण, एकिकृत नागरिक सेवा केन्द्र व्यवस्थापन, दिगो विकास, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आय आर्जन, सामुदायिक मेलमिलाप, सामुदायिक विकास, सामाजिक सद्भाव अभिवृद्धि, जेष्ठ नागरिकको आदर र सम्मान, सामाजिक विकृति उन्मूलन,

नागरिक अधिकार, कर्तव्य आदि वारे जानकारी दिने खालका सूचना, शिक्षा र सञ्चारका सामग्रीहरु संकलन गर्ने र सामाजिक परिचालकहरुका माध्यमवाट समुदायलाई सचेतीकरण गर्ने,

छ) गाउँपालिका स्तरीय सामाजिक परिचालन समन्वय समितिले दिएका सुझाव तथा पृष्ठपोषणहरु लागू गर्ने,

ज) तोकिएको ढाँचा र मिति भित्र गाउँपालिकामा आर्थिक तथा प्राविधिक प्रतिवेदन पेश गर्ने,

झ) गाउँपालिकावाट प्राप्त गर्नुपर्ने सामाजिक परिचालनसँग सम्वन्धित वजेट सामाजिक विकास शाखा मार्फत समयमै निकाशा माग गरी तोकिएका क्षेत्रहरुमा खर्च गर्ने र कार्यक्रम संयोजकको पारिश्रमिक वैंक मार्फत भुक्तानी दिने,

ञ) आर्थिक तथा सामाजिक रुपमा पछिपरेका वर्गहरुको पहिचान गर्न तथा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका हरेक चरणहरुमा यी वर्गहरुको आवश्यकता र चाहनाहरुलाई समावेश गर्न एकीकृत योजना तर्जुमा समितिको कामलाई सहजीकरण गर्ने,

ट) गाउँपालिकाले समय-समयमा माग गरेका विवरणहरु उपलव्ध गराउने, सामाजिक परिचालनका गतिविधिहरुमा दोहोरोपन हटाउन, स्थानीय ज्ञान सीप र अनुभवहरुको आदान प्रदान गर्ने र सामाजिक परिचालनका सर्वोत्तम अभ्यासहरुको प्रचार प्रसार गर्ने । विद्यमान संगठन, संस्था, विषयगत कार्यालय, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय र सम्बन्ध स्थापना गर्न, गाउँ, कृषि वन तथा वातावरण समिति सञ्जाल निमार्ण गर्ने,

ठ) गाउँपालिका प्राकृतिक स्रोत, कृषि, पशु, स्वास्थ्य, खानेपानी, सिंचाई, विद्युत, शिक्षा र अन्य विविध गतिविधिहरुमा संलग्न सरकारी, गैरसरकारी निकायहरु तथा दातृ संस्थाहरुसँग जीविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गर्न समन्वय र सहकार्यको वातावरण स्थापित गर्ने,

ड) कार्यक्रमसँग सम्वन्धित विषयमा स्थानीय तह, सामाजिक परिचालन समन्वय समिति, सेवा प्रदायकवाट प्राप्त सुझाव, निर्देशन र पृष्ठपोषणहरुको पालना गर्ने गराउने ।

१४. **स्थानीय सेवा प्रदायक संस्थाको लागि वजेट निकासाः** स्थानीय सेवा प्रदायक संस्थाको लागि वजेट निकासा सम्वन्धमा गाउँपालिकाको नियम अनुसार हुनेछ ।

१५. **कार्यविधिमा थपघट र हेरफेरः** यस कार्यविधिमा कुनै थप घट वा संसोधन गरी समयानुकूल गर्नु परेमा गाउँकार्यपालिकाले गर्नेछ ।

१६. **निर्देशनको पालनाः** सामाजिक परिचालन समिति, स्थानीय सेवा प्रदायक संस्था लगायत सामाजिक परिचालन गर्ने निकायहरु लगायत सवै सम्वन्धित पक्षहरुले यस कार्यविधिका अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरु, कार्यपालिकावाट गरिएका परिपत्र र निर्देशनहरुको समेत पालना गर्नुपर्नेछ ।

१७. **बाधा अड्काउ फुकाउनेः** यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो वाधा अडचन फुकाउने

र आवश्यकता अनुसार व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

१८. **कार्यविधिको प्रयोगः** सामाजिक परिचालन कार्यक्रमलाई सुचारु र समन्वयात्मक रुपमा सञ्चालन गरी स्थानीय शासन प्रकृयालाई सुदृढ गर्न नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको यो कार्यविधिलाई स्थानीय स्तरमा अन्य सरकारी संघ संस्थाहरुले मार्गदर्शनको रुपमा लिई सहयोग र समन्वयका लागि प्रयोग गर्न सक्नेछन् ।

१९. **बचाउः** यस कार्यविधिका कुनै प्रावधान स्थानीय कानून अनुसार बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसुची - १
## (दफा ११ को उपदफा (ख) सँग सम्बन्धित)

### प्रस्तावना पत्र आव्हानको सूचना

एकिकृत विकासमा सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः ...........................

“हाम्रो देवघाट, समृद्ध देवघाट” नारा लाई साकार पार्नका लागि देवघाट गाउँपालिकाको आ.व. ०७७/७८ को स्वीकृत नीति कार्यक्रम तथा बजेट अनुसार यस पालिकाको आर्थिक सहयोगमा देवघाट गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने एकिकृत विकासमा सामाजिक परिचालन कार्यक्रम मार्फत गाउँपालिकाको अर्गानिक कृषि खेती, वालमैत्री, पूर्ण सरसफाइ जस्ता अभियानहरुमा टोल विकास संस्था, आमा समूह, युवा क्लब,बालक्लव, सामुदायिक वन लगायतका स्थानीय संस्था परिचालन गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि क्रियासील गैससहरु परिचालन गरी कार्यक्रमको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोगी क्रियाकलापहरुका लागि प्रतिस्पर्धात्मक रुपमा अनुदान उपलव्ध गराउने कार्यक्रम अनुरुप गैससहरुलाई प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाले निर्दिष्ट गरेको ढाँचामा प्रस्ताव पेश गर्न आव्हान गरिएको छ ।

प्राथमिकताका अभियानहरु

| क्र.सं. | कार्यक्रम/ अभियानको नाम | क्र.सं. | कार्यक्रम/ अभियानको नाम |
|---|---|---|---|
| १ | पूर्ण सरसफाइ अभियान | ७ | मदिरा व्यवस्थापन |
| २ | वातावरणमैत्री कार्यक्रम | ८ | लघुउद्यम विकास कार्यक्रम |

| | | | |
|---|---|---|---|
| ३ | बालमैत्री स्थानीय शासन कार्यक्रम | ९ | कृषि तथा पशुपालन पकेट क्षेत्र विकास कार्यक्रम |
| ४ | एक वडा एक नमुना गाउँ कार्यक्रम | १० | वातावरणमैत्री कृषि कार्यक्रम |
| ५ | एक घर एक करेसाबारी कार्यक्रम | ११ | कोभिड–१९ न्यूनिकरण |
| ६ | सामुदायिक होमस्टे परिचालन | १२ | एकिकृत नागरिक सेवा केन्द्र व्यवस्थापन |

**प्रस्ताव पेश गर्न सकिने सहयोगका क्षेत्रहरु**

- कार्यक्रमको प्राथमिकतामा परेका अभियानहरु मार्फत गरीवी न्यूनिकरण गर्न आवश्यक क्रियाकलापहरु,
- पूर्ण सरसफाइ उन्मुख गाउँपालिका घोषणाका लागि आवश्यक क्रियाकलापहरु,
- कृषि सहकारी, कृषि समितिहरुको संस्थागत क्षमता विकासका सम्वन्धी क्रियाकलापहरु,
- तालिम, गोष्ठी, भ्रमण, अभिमुखिकरण, नीति नियमावलीहरु तयारी/अध्यावधिक आदी,
- बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन सम्वन्धी क्रियाकलापहरु,

**प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु**

- यस अनुदान प्रस्ताव पेश गर्ने आवेदक संस्था यस कार्यक्रमको क्षेत्रभित्रको वा सो क्षेत्रलाई प्रत्यक्ष सेवा दिने गैससहरु हुन सक्नेछन् ।
- यो सुचना अन्तर्गत प्राप्त प्रस्तावहरु आयोजनाको प्राथमिकता क्षेत्र एवं स्थानिय आवश्यकता एवं उपयुक्तताको आधारमा छनौट गरिने छ ।
- प्रस्तावना पेश गर्दा आवेदक संस्थाको सवै कागजातहरुको प्रतिलिपी पनि पेश गर्नु पर्नेछ ।
- उपयुक्त प्रस्तावना पेश गर्ने आवेदक संस्थाहरुलाई मात्र थप विवरणको लागि सम्पर्क गरिनेछ र छनौट भएका संस्थाहरु सँग प्रस्तवनाहरु उपर छलफल गरि सम्झौता गरिनेछ ।
- प्रस्तवित कार्यक्रमलाई गाउँपालिकाको प्रतिनिधी एवं आवेदक प्रतिनिधीहरु विच छलफल, अनुगमन एवं मुल्यांकन गरि परिमार्जन गर्न सकिनेछ । यसरी परिमार्जित प्रस्तावनालाई अनुदान समितिमा पेश गरिनेछ । यस समग्र प्रक्रियामा अनुदान समिति निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- प्रस्तावना पेश गर्ने आवेदक संस्था कानुनिरुपमा दर्ता भएको र पानमा दर्ता भएको,
- अनुदान अन्तर्गत प्रस्तावित क्रियाकलापहरु आवेदक संस्थाको विधान/ विनियम/ नियमावलीमा उल्लेख भएको हुनुपर्नेछ ।

- आवेदक संस्थामा कम्तिमा एक अभियान एक जना पूर्णकालिन अनुभवी कर्मचारी भएको र आफ्नै कार्यलय भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।
- यसरी प्राप्त अनुदानवाट सञ्चालन हुने क्रियाकलापहरु, संरचनाहरु एवं सामाग्रीहरुमा आयोजनाले निर्दिष्ट गरेको लोगो वा चिनारी एवं जानकारीमुलक वोर्डहरु राख्नु पर्ने छ ।
- अनुदान अन्तर्गत भएका आर्थिक एवं प्राविधिक प्रगति प्रतिवेदन कार्यक्रमले निर्दिष्ट गरेको प्रारुपमा सम्झौता बमोजिम पेश गर्नु पर्ने छ । उक्त प्रतिवेदन तथा सो को हिसावकितावलाई चुस्त दुरुस्त रुपमा सुरक्षित राख्ने जिम्मेवारी आवेदक संस्थाको नै हुनेछ । उक्त कार्य प्रगतिको लेखाजोखा एवं अनुगमन मुल्यांकन कार्यक्रमबाट आवश्यकता बमोजिम हुने र उक्त समयमा आवेदक संस्थाले ति विवरणहरु पेश गर्नु पर्ने छ ।
- आवेदक सस्थाले कार्य समितिवाट प्रस्तावना पेश गर्ने सम्वन्धी निर्णय गर्नु पर्नेछ ।
- यस अनुदान प्रस्ताव पेश गर्ने फारम र अन्य सम्वन्धित जानकारी आयोजनाको इमेल ...................................... मा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ । उक्त जानकारीहरु .................................................................वाट डाउनलोड गर्न सकिने छ ।

**आवश्यक कागजात तथा जानकारी**

- कार्यकारी//संचालक/कार्य समितिको नामावली
- संस्था नविकरणको प्रमाण पत्र
- भ्याट/पान प्रमाण पत्र र कर चुक्ताको प्रमाणपत्र
- कर्मचारीको बायोडाटा
- संस्थाको लक्ष्य उद्देश्य सहितको विधान/विनियम
- संस्थाको वेबसाईड/इमेल ठेगाना
- संस्थाको भरपर्दो जनशक्ति

# अनुसूची - २
## (दफा ११ सँग सम्बन्धित)

## निवेदनको ढाँचा

मितिः

श्री ................. गाउँपालिका

विषयः प्रस्ताव स्वीकृति सम्वन्धमा

उपरोक्त विषयमा त्यस कार्यालयबाट मिति ..................................मा प्रकाशित सूचना बमोजिम .......................................... कार्यक्रम मार्फत अनुदान सहयोग उपलव्ध गराईदिनुहुन अनुरोध गर्दछु । आवश्यक कागजात यसै साथ पेश गरेका छौ ।

निवेदक
हस्ताक्षर
नाम
ठेगाना
सम्पर्क नं.
संस्थाको छाप
मिति

# अनुसुची - ३

## (दफा ११ को उपदफा (ख) सँग सम्बन्धित)

## एकिकृत विकासका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि नमुना प्रस्तावना—पत्र

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | | | |
|---|---|---|---|
| आवेदकको नामः | | | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | | | |
| आवेदक संस्थाको किसिमः | | | |
| स्थापना/दर्ता भएको वर्षः | | | |
| दर्ता नं. | | | |
| भ्याट/पान नम्वर | | | |
| संस्थाको मुख्य उद्देश्य | | | |
| अध्यक्षको नामः | | | |
| टेलिफोनः | | | |
| परियोजना स्थल (कार्य क्षेत्र) | | | |
| प्रस्तावित आयोजनाको कुल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | कूल जम्मा | बेहोरिने | |
| | | कार्यक्रमको तर्फबाट | सहकारीको तर्फबाट |
| | | | |
| अन्य स्रोत वा वित्तिय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के—के उद्देश्यका | | | |

| | | | |
|---|---|---|---|
| लागि वित्तिय सहयोग पाउनु भएको छ खुलाउनुहोस् । | | | |

२. संस्थाको हालको अवस्थाः (हाल सम्म गरेको क्रियाकलाप)

३. संस्थाको वार्षिक आम्दानी र खर्च विश्लेषण ( विगत वर्षको तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्

४. प्रस्तावनाको पृष्ठभूमि, कार्यक्रमको उद्धेश्य, औचित्य तथा महत्व र कार्यक्रमको दिगोपना

५. उपलव्धीः

६. लाभान्वित क्षेत्रः

७. लाभान्वित जनसंख्याः

८. फर्मको लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधिः

९. परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | एकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. लागत साझेदारी (तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस

११. प्रस्तावित जनशक्ति (बायो डाटा सहित पेश गर्नुपर्ने)

| पद | विशेषज्ञताको क्षेत्र | नाम | मूख्य जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| | | | |

१२. प्रत्यक्ष लाभग्राही प्रतिशत

| क.सं. | जनजाति | प्रतिशत |
|---|---|---|
| | | |
| | | |

१३. अनुगमन तथा मूल्यांकनः

१४. कार्यक्रम कार्यान्वयन गर्न समस्या, चुनौती तथा अबसरः

१५. कार्यक्रम कार्यान्वयनको समन्वयः

१६. कार्यक्रम कार्ययोजना

१७. निष्कर्षः

१८. प्रतिवेदन /प्रकाशन

## अनुसूची - ४
## (दफा १३ सँग सम्बन्धित)

गाउँपालिका र स्थानीय सेवाप्रदायक वीच सामाजिक परिचालन कार्यान्वयन गर्नका लागि द्विपक्षीय सम्झौताका शर्तहरु

देवघाट गाउँपालिकाको आर्थिक सहयोगमा ........... .......पालिकाका .......... वडाहरुमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालन कार्यविधि, २०७७ को बुँदा नं ..........मा व्यवस्था भए वमोजिमका प्रकृयाहरु सहित देहायमा उल्लेखित शर्तहरुको पालना गरी एककिकृत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न देवघाट गाउँपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने र ....................................(यसपछि दोश्रो पक्ष भनिने ) वीच मिति ...... साल ......महिना....... गते यो द्विपक्षीय सम्झौता गरियो ।

प्रथम पक्षको (गाउँकार्यपालिकाको कार्यालय ........) को जिम्मेवारी

१. दोश्रो पक्षलाई सामाजिक परिचालन कार्यविधिमा तय गरिए वमोजिमका कार्यक्रमहरु सञ्चालन गरेवापत देहाय बमोजिम चौमासिक रुपमा वजेट उपलव्ध गराउने,
   प्रथम किस्ता रु ..............................................आश्विन ७ गते भित्र
   दोश्रो किस्ता रु ..................................................
   अन्तिम किस्ता रु ................................................भित्र

दोश्रो पक्षले किस्ता रकम निकाशा माग गर्न प्रगति प्रतिवेदनका साथै दोश्रो र अन्तिम किस्ताका लागि पहिले निकाशा लिएको रकमको तोकएको ढाँचामा खर्च फाँटवारी समेत पेश गर्नुपर्नेछ ।

२. दोश्रो पक्षलाई सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग, सल्लाह, सुझाव र निर्देशन दिने ।

३. स्थानीय निकायसंग सामाजिक परिचालनसँग आवद्ध दोश्रो पक्षका कर्मचारीहरुलाई राष्ट्रिय सेवा प्रदायक संस्था तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाई मार्फत सामाजिक परिचालन सम्वन्धी विभिन्न तालीम तथा अनुशिक्षण कार्यक्रमहरु प्रदान गर्ने व्यवस्था गर्ने ।

४. समन्वयात्मक रुपमा सामाजिक परिचालन गर्न नगरस्थित सामाजिक परिचालन निकायहरु वीच कार्यगत एकता तथा साझेदारिता वृद्धिका लागि सहजिकरण गर्ने ।

५. आवधिक रुपमा सामाजिक परिचालन कार्यक्रमको स्थलगत अनुगमन गरी सरोकारवालाहरुसँग अन्तरक्रिया, परामर्श गर्ने, सुझाव तथा पृष्ठपोषण दिने ।

६. सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन गाउँपालिका स्तरिय सामाजिक परिचालन समन्वय समितिलाई आवश्यक सहयोग गर्ने ।

७. सम्झौता वजेट प्रति वडा रु ............................... (अक्षरुपी ...................................) को निम्न भुक्तानी तालीका अनुसार चौमासिक रुपमा भुक्तानी दिने ।

८. मन्त्रालयले तोके बमोजिम सामाजिक परिचालकहरुको तलव, भत्ता तथा अन्य सुविधा नगरपालिकाले सम्वन्धित सामाजिक परिचालकको बैंक खाता मार्फत भुक्तानी गर्ने । दोश्रो पक्ष ( ............स्थानीय सेवाप्रदायक ) को जिम्मेवारी

१. एकिकृत सामाजिक परिचालन कार्यविधि, २०७७ मा उल्लेख भएका व्यवस्था र प्रकृयाका आधारमा ......... (गाउँपालिकाको नाम उल्लेख गर्ने) सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नेछ ।

२. एकिकृत सामाजिक परिचालन कार्यविधि, २०७७ मा व्यवस्था गरिए वमोजिमका प्रकृयाहरुको पालना गरी नगर सामाजिक परिचालन समितिको परामर्शमा सामाजिक परिचालन कार्यक्रम संयोजक तथा सामाजिक परिचालन गरिने वडाहरुका लागि स्थानीय सामाजिक परिचालकहरु करारमा नियुक्त गर्ने र तालीम पश्चात नगरपालिकाको वडामा खटाउने ।

३. नगरपालिका, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा राष्ट्रिय सेवा प्रदायकले आयोजना गर्ने तालिम तथा अनुशिक्षण कार्यक्रमहरुमा अनिवार्य रुपमा तोकिएको कर्मचारी वा संस्थाको पदाधिकारीलाई सक्रिय रुपमा सहभागी गराउने ।

४. सामाजिक परिचालकहरुलाई कार्यक्रम कार्यान्वयन गर्नका लागि नियमित रुपमा प्राविधिक सहयोग उपलब्ध गराउने ।

५. गाउँपालिकास्तरमा सामाजिक परिचालनको काम गर्ने निकाय, विषयगत कार्यालयहरु तथा अन्य सम्वन्धित सहकारी, वित्तीय तथा निजी संस्थाहरुसँग कार्यगत समन्वय र साझेदारिता विकास गर्ने ।

६. गाउँपालिकालाई वार्षिक तथा आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुका अतिरिक्त सामाजिक परिचालनको सम्वन्धमा सहयोग सल्लाह र सुझाव, प्रदान गर्ने ।

७. नियमित रुपमा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरुको कार्यको अनुगमन गरी स्थलगत रुपमै सल्लाह, सुझाव र पृष्ठपोषण दिने ।

८. मासिक तथा चौमासिक रुपमा तोएिको ढाँचामा गाउँपालिकाको सामाजिक विकास शाखामा प्रतिवेदन पेश गर्ने ।

९. तोकिएका प्रकृयाहरु पुरा गरी गाउँपालिकावाट चौमासिक रुपमा निकाशा लिने ।

१०. सामाजिक परिचालन संयोजकलाई कार्यक्रमले निर्धारण गरे अनुसारको पारिश्रमिक निजहरुको वैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

११. सामाजिक परिचालन कार्यक्रमको प्रभाव स्वरुप समुदायस्तरमा देखिएका सकारात्मक नतिजाहरु, असल अभ्यासहरुको प्रचारप्रसार तथा अभिलेख राख्ने । समन्वयात्मक रुपमा जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गर्न नागरिक सचेतना केन्द्रलाई निरन्तर रुपमा सहयोग गर्ने तथा समयमै जीविकोपार्जन सुधार कार्यक्रम अनुदान निकाशा गर्न नगरपालिका र सम्वन्धित वडालाई प्रकृयागत सहयोग पुर्याउने ।

१२. गाउँपालिका स्तरिय सामाजिक परिचालन समन्वय समिति, गाउँपालिका, राष्ट्रिय सेवा प्रदायकवाट गरिने अनुगमन कार्यका लागि

आवश्यक समन्वय र सहजीकरण गर्ने तथा माग गरिएका विवरण तथा तथ्यांकहरु उपलव्ध गराउने ।

१३. गाउँपालिका, गाउँपालिका स्तरिय सामाजिक परिचालन समन्वय समितिबाट दिइएका सुझाव तथा पृष्ठपोषणहरुको पालना गर्ने ।

१४. दोश्रो पक्षले स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ मा व्यवस्था भएवमोजिम गाउँपालिकावाट निकासा लिएको रकम छुटै खाता खोली सञ्चालन गरी लेखा अभिलेख राख्नु पर्ने र आवधिक रुपमा वित्तीय प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

१५. दोस्रो पक्षबाट यस संझौताको परिपालना नभएमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा उल्लेख भएका ठेक्का संझौता अन्त गर्ने सम्बन्धी सबै शर्त र व्यवस्थाहरु यस संझौतामा स्वतः उल्लेख भएको मानी आवश्यक कारवाही गरिनेछ ।

स्थानीय सेवा प्रदायकवाट अपेक्षा गरिएका परिणामहरुः

सामाजिक परिचालन कार्यक्रम प्रभावकरीरुपमा कार्यान्विन भई स्थानीयस्तरका विकास योजना व्यवस्थापनमा विशेष गरी सामाजिक तथा आर्थिक रुपमा पछिपरेका नागरिकहरुको सहभागिता वृद्धि भएको हुनेछ । सरकारी तथा गैरसरकारी सेवा प्रदायक निकायहरुका कार्यक्रमहरुमा गरीव, महिला, वालवालिका, सामाजिक रुपमा पछि परेका वर्गहरुका लागि उल्लेख्य रुपमा श्रोतको व्यवस्था भएको हुनेछ । जीविकोपार्जन सुधार कार्यक्रम समन्वयात्मक रुपमा कार्यान्वयन भई विपन्न परिवारहरुको आर्थिकस्तरमा अनुभूति योग्य परिवर्तन देखिन थाल्नेछन् । कार्यक्रमका हरेक चरणहरुमा सीमान्तकृत नागरिकहरुको सहभागिता मापन योग्य रुपमा वृद्धि भएको हुनेछ ।

यो द्विपक्षीय सम्झौताको अवधि .....................देखि ...........................सम्म हुनेछ र वार्षिक रुपमा स्थानीय सेवा प्रदायकको कार्यसम्पादन समीक्षा गरी कार्यसम्पादन सन्तोषजनक देखिएमा सम्झौता अवधि तोकिएको अवधिका लागि थप गर्न सकिनेछ । कुनै कारण खुलाई वा नखुलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले नगरपालिका मार्फत एक महिनाको पूर्व सूचना दिएर कुनै पनि समयमा कुनै पनि वा सबै स्थानीय सेवा प्रदायक संस्थासँगको यो करार सम्झौता अन्त्य गर्न सक्नेछ ।

माथि उल्लेखित सेवा र शर्तहरुको अधिनमा रही सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न गराउन हाम्रो मञ्जुरी छ ।

| | |
|---|---|
| ................ | ............... |
| प्रथम पक्षका तर्फवाट | दोश्रो पक्षका तर्फवाट |
| नामः..................... | नामः.................... |
| पदः.................. | पदः.................. |
| मितिः ............. | मितिः ............. |

साक्षी

| | |
|---|---|
| नामः..................... | नामः.................... |
| पदः.................. | पदः.................. |
| मितिः ............. | मितिः ............. |

<u>आज्ञाले</u>

नरहरि सापकोटा

प्रमुख प्रशासकीय अधिकृत